मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

आगामी वर्षको नीति तथा कार्यक्रममा स्थानीय तहले समेट्नु पर्ने विषयहरु,कोरोना भाइरसको रोकथाम,उपचार र राहत विवरण लगायतका विषयमा समिक्षा र आगामी वर्षको बजेट सम्बन्धी माननीय मुख्यमन्त्रीज्यू र मालिकार्जुन गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र सिंह धामीज्यू बीच हुने Video Conference का लागि तयार परिएको सामग्रीः-

**नीति तथा कार्यक्रमः-**

१. स्वास्थ्य क्षेत्र तर्फः-

क. यस गाउँपालिका केन्द्रमा ५० सैयाको अस्पताल निर्माण गर्नु पर्ने ।

ख. यस गाउँपालिका भित्र जग्गा प्राप्त गरि सकेका ५ वटा स्वास्थ्य संस्थाहरुको भवन निर्माण गर्नु पर्ने।

ग. प्रत्येक स्वास्थ्य चौकीहरुमा सुविधा सम्पन्न प्रयोगशाला निर्माण गरिनु पर्ने ।

घ. प्रदेश सरकारबाट गत वर्ष निर्माण भएको वर्थिङ सेन्टर( हुनैनाथ ऐरीछाना) अधुरो भई व्यवस्थित नभएको हुदा आवश्यक पहल गरि यस आ.व. मा पुर्ण रुप दिन हुन ।

ङ. भौगोलिक विकटता लाई मध्यनजर गरी भौगोलिक क्षेत्रहरुमा सामुदायिक स्वास्थ्य इकाई भवनहरुको व्यवस्थापनका लागि आवश्यक सहयोग गरि दिन हुन ।

च. आयुर्वेद औषधालय, प्राकृतिक चिकित्सा, योग शिक्षा लगायत अन्य वैकल्पिक स्वास्थ्य पद्धति तथा औषधीको सम्भावना रहेको मालिकार्जुन गाउँपालिकामा जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरि दिन हुन ।

२. शिक्षा क्षेत्र तर्फः-

क. यस गाउँपालिकामा रहेको एक मात्र क्याम्पस श्री शंकरपुर क्याम्पसलाई सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पस बनाउन पहल गर्ने ।

ख. यस मालिकार्जुन गाउँपालिकाको वडा नं. ३ मा संचालनमा रहेको मालिकार्जुन सिभील ईन्जिनियरिङ प्राविधिक शिक्षालय र वडा नं. ५ को डाडाँकोटमा संचालित कृषि प्राविधिक शिक्षालयको पूर्वाधार निर्माण र शैक्षिक विकास गर्नु पर्ने ।

ग. यस गाउँपालिका वडा नं. ४ को श्री खान मा.वि. ऐरिछानामा निर्माणाधीन रहेको बहुउद्देशिय खेल मैदानको निर्माण कार्यलाई निरनतरता दिनु पर्ने ।

३. पूर्वाधार विकास विकास क्षेत्र तर्फः-

क. यस गाउँपालिकाको केन्द्र जोड्ने शंकरपुर-सलेती सडक सम्पन्न हुने गरि बजेट व्यवस्थापन गरिनु पर्ने ।

ख. यस गाउँपालिकाको केन्द्र जोड्ने थकतोली-रंचनी साननचोरा सडक सम्पन्न हुने गरि बजेट व्यवस्थापन गरिनु पर्ने ।

ग. चैतलीचौरा-मल्ली बसेडी- त्रीकाटै पालन कृषि सडक सम्पन्न हुने गरि बजेट व्यवस्थापन गरिनु पर्ने ।

घ. धामीगाडा-सेलिचामा खुना कर्षि सडक सम्पन्न हुने गरि बजेट व्यवस्थापन गरिनु पर्ने ।

ङ. हाल सम्म पनि विद्युतीकरण हुन नसकेका यस गाउँपालिकाका वडा नं. २,३ र ४ मा विद्युतीकरण गरिनु पर्ने ।

च. प्रत्येक वडाहरुमा एउटा सामुदायिक भवन निर्माणका लागि बजेटको व्यवस्थापन गरि दिन हुन

४. कृषि क्षेत्र तर्फः-

क. कोरोना महामारीका कारण रोजजारी गुमाएका र रोजगारीका लागी बाहिर जान नसकि घरमै वस्न बाध्य भएका व्यक्तिहरुका लागि वैज्ञानिक कृषि खेती, व्यवसायिक पशु पालन र सीपमूलक एवं स्वरोजगार मूलक कार्यक्रम संचालन गरिनु पर्ने ।

ख. यस गाउँपालिकामा कागति, मौसमी, सुन्तला, आँप, कटहर, केरा, अम्बा,लिचि,ओखर आदि फलफूल उत्पादन को प्रचुर सम्भावना भएको हुदा कृषकहरुलाई फलफूल उत्पादन अनुदान दिईनु पर्ने ।

५. खानेपानी क्षेत्र तर्फः-

क. मालिकार्जुन गाउँपालिका वडा नं. ४ को हुनैनाथ बृहत खानेपानी योजना निर्माण गर्नु पर्ने।( ४०० घर परिवार लाभान्वित हुने )

६. संस्कृति पर्यटन क्षेत्र तर्फः-

क. देशकै राष्ट्रिय धाम श्री मालिकार्जुन धामको गुरु योजना तयार गरि यसको पर्यटकीय पूर्वाधार विकास गर्ने ।

ख. यस गाउँपालिकाको वडा नं. ७ को जोलजिवीमा पर्ने काली गोरी नदिको संगम स्थल,जहाँ सदियौ वर्ष देखि ऐतिहासिक र व्यापारिक मेला लाग्ने गर्दछ उक्त ठाँउमा मेला स्थल निर्माणका लागि प्रदेश सरकारको बजेट प्राप्त भएको र आगामी बजेटमा पनि प्राथमिकताका साथ कार्यक्रमलाई निरनतरता दिईनु पर्ने ।

ग. सुदूर पश्चिम प्रदेशको पुरातात्विक एक मात्र भग्नावशेष उकू महलको अध्ययन अनुसन्धान अन्वेषणका साथै प्रचार प्रसारका लागि प्रदेश सरकारको प्राथमिकतामा रहेको र आगामी बजेटमा पनि प्राथमिकताका साथ कार्यक्रमलाई निरनतरता दिईनु पर्ने ।

७. सिचाई क्षेत्र तर्फः-

क. प्रसस्त मात्रामा खेतिपाती,फलफूल र अन्य वाली उत्पादन हुने सम्भावना रहेको र सिचाई सुविधा हुन नसकि बाँझो रहेको जमीन को पहिचान गरि सिचाई नहर तथा कुलो निर्माण गर्ने ।

८. चालु आ.व. २०७६।०७७ को बजेट अन्तर्गत प्रदेश सरकारवाट प्राप्त समपुरक र विशेष अनुदान तर्फ प्राप्त योजनाहरु बन्दा-बन्दीका कारण निर्माण कार्य हुन नसकेको हुनाले आगामी आ.व. मा ती योजनाहरुलाई निरनतरता दिईनु पर्ने ।

मालिकार्जुन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

९. कोरोना महामारी नियन्त्रण सम्वन्धमाः-

क. गाउँपालिका र वडा स्तरमा कोरोना रोकथाम तथा नियन्त्रण समिति गठन भई समितिहरु क्रियाशिल रहेका ।

ख. रु ५० लाख गाउँपालिका बाट र विभिन्न श्रोतहरुबाट २४ लाख ५० हजार गरी जम्मा ७४ लाख ५० हजार रुपैयाको कोरोना रोकथाम तथा नियन्त्रण कोष स्थापना गरिएको ।

ग. कोरोना नियन्त्रण तथा रोकथामका लागि स्वास्थ्य संस्था स्वास्थ्य कर्मी,सुरक्षानिकाय,जन-प्रतिनिधीहरुलाई माक्स ,सेनेटाईजर, साबुन, PPE आदि वितरण गरिनुको साथै नियमित रुपमा औषधी सेवन गरिरहेका दिर्घ रोगीहरुलाई गाउँपालिकाको तर्फवाट निशुल्क औषधी उपलब्ध गराइएको ।

घ. भारत लगायत तेस्रो मुलुकवाट बन्दा-बन्दी पछि आएका २७१ जनाको लगत संकल्न गरि निजहरुको समय समयमा स्वास्थ्य परिक्षण गरिनुका साथै सबैको RDT परिक्षण गर्दा नतिजा नेगेटिभ रहेको ।

ङ. बन्दा-बन्दीका कारण रोजगारी गुमाएका व्यक्तिहरुको लगत संकलन गरी सरकारले उपलब्ध गराएको मापदण्ड र कार्यविधि अनुसार ११२५ जनालाई राहत उपलब्ध गराइएको । जनसंख्या – ६७५० जना

च. समय समयमा गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र सिह धामीज्यूको नेतृत्वमा गाउँपालिकाका सबै वडा र वस्तिमा बिभीन्न सचेतना मुलक कार्यक्रम गरिएको र समस्यामा परेका व्यक्तिहरुको गुनासो सुनि सुनिवाई गरिएको ।

छ. शंकरपुर मा.वि. पस्ती र गरडा मा.वि. बाँकुमा क्वारेनटाईनको व्यवस्था गरिएको र सम्भावित जोखिमलाई मध्यनजर गरि प्रत्येक वडामा एक एक वटा क्वारेनटाईन निर्माण गरि गा.पा. भरि १४० बेडको क्वारेनटाईनको व्यवस्थापन गर्ने काम भईरहेको ।

ज. सीमा नदी महाकाली तरि नेपाल भित्रिएका विभिन्न जिल्लाका ३३ जना लाई शंकरपुर मा.वि. को क्वारेनटाइनमा राखेको र निजहरुलाई १४ दिन पुरा भए पछि निजहरुको स्वास्थ्य परिक्षण गरि सम्बन्धित स्थानीय तहलाई जिम्मा लगाई घर पठाईएको छ ।

झ. सबै वडाहरुको मौज्दात खाद्यान्नको बारेमा जानकारी लिई आवश्यक भएका वडा र वस्तिहरुमा सहुलियत दरमा आपुर्ति व्यवस्था मिलाउने कार्य गर्दै आईरहेको र कालो बजारी , कृत्रिम अभाव सृजना गर्ने व्यापारीहरुको अनुगमन गरी निरुसाहित गरिएको ।

ञ. वडा नं. ५,६ र ७ को सीमा महाकाली नदी तरी मानिसहरु आउने सम्भावना भएकाले सुरक्षा व्यवस्थापनका लागि स्थानीय प्रशासन संग समन्वय गरि सुरक्षा कर्मी खटाउने काम गरिएको ।

ट. बन्दा-बन्दीका कारण जिल्ला बाहिर रहेका विद्यार्थी,मजदुर र काम विशेषले गएका अन्य मानिसहरुका साथै रोजगारीका लागि भारतको बिभिन्न ठाउँमा रहि अपठ्यारोमा

परिरहेका मालिकार्जुन गाउँपालिका बासीहरुलाई घर फर्काउन आवश्यक सहयोग गरि दिन हुन ।

ठ. यस मालिकार्जुन गाउँपालिका अन्तर्गत ८ वटै वडाहरुकामा RDT Test का लागि २०० वटा RDT किटहरु अझै आवश्यक परेको हुदा पहल गरि दिन हुन ।

**१०. जनशक्ति व्यवस्थापनः-**

क. कृषि र पशु सेवा कार्यालयहरुमा रहेको जनशक्ति समायोजनको क्रममा बाहिर गयो र भित्रिन सकेन त्यसका लागि कृषि र पशु तर्फका जनशक्ति पूर्ति हुनु पर्‍यो ।

ख. भएको जनशक्तिलाई तालिमको व्यवस्था हुन सकोस् ।

नरेन्द्र सिंह धामी

अध्यक्ष
मालिकार्जुन गाँउपालिका